# बलेफी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## (शिक्षा युवा तथा खेलकुद शाखा)
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं. ०७७/०७८
च.नं. 26

मितिः २०७७/०८/१६

विषय :- सहभागी सम्बन्धमा ।

श्री सबै युवाहरु (१६ देखि २४ बर्ष उमेर समूहका)
बलेफी गाउँपालिका सिन्धुपाल्चोक ।

प्रस्तुत विषयमा पाँचपोखरी थाङ्पाल गाउँपालिकाको च.नं.७३५ मिति २०७७/०८/११ को पत्रानुसार जिल्लास्तरीय प्रतिस्पर्धात्मक लेखन प्रतियोगिता मिति २०७७।०८।३० गते विहान ११ बजे पाँचपोखरी थाङ्पाल गाउँपालिकाको कार्यालयमा संचालन हुने भएकोले उक्त कार्यक्रममा सहभागी हुनका लागि यस बलेफी गाउँपालिकाको कार्यालयमा मिति २०७७।०८।२३ गते भित्र नेपाली नागरिकताको फोटो कपी र निवेदन सहित उपस्थित हनु सबैमा अनुरोध छ ।
लेखनमा समेटिनु पर्ने क्षेत्रहरु : कृषि पर्यटन तथा जडिवटी, सूचना तथा सञ्चार विज्ञान तथा प्रविधि, गुणस्तरीय तथा व्यवसायिक शिक्षा, रोजगारी उद्धमशिलता र सीप विकास, स्वास्थ्य तथा सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास, खेल तथा मनोरञ्जन, विविध

नोट : निवेदनको ढाँचा र अन्य जानकारी विवरण यसै पत्रमा संलग्न छ ।

...................
सलवहादुर पाण्डे
शिक्षा अधिकृत

बोधार्थ
श्री पाँचपोखरी थाङ्पाल गाउँपालिका
श्री बलेफी गाउँपालिका सबै वडा कार्यालयहरु : वडा भित्रका तोकिएका उमेर समूहका युवाहरुलाई सूचना गरी सहयोग गरिदिनु हुन अनुरोध छ ।

O/C

श्री मा.वि. खं.नपा
खं- २११५
७१४

स्थानीय सरकार
पाँचपोखरी थाङ्पाल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
थाङ्पालधाप, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन : ०१-६२२७२०१
इमेल : edu.panchpokharithangpalmun@gmail.com

पत्र संख्या :- २०७७/०७८
चलानी नं. ६३५

बलेफी गाउँपालिका
दर्ता नं. ३५९
मिति २०७७/८/१८

मिति :- २०७७/०८/११

श्री सबै शिक्षा, युवा तथा खेलकुद शाखा,
चौतारासाँगाचोकगढी नगरपालिका/मेलम्ची नगरपालिका/बाह्रविसे नगरपालिका/इन्द्रावति गाउँपालिका/सुनकोसी गाउँपालिका/जुगल गाउँपालिका/हेलम्बु गाउँपालिका/भोटेकोशी गाउँपालिका/बलेफि गाउँपालिका/त्रिपुरासुन्दरी गाउँपालिका/लिसङ्खुपाखर गाउँपालिका ।

विषय :- सहभागी पठाइदिनुहुन बारे ।

प्रस्तुत विषयानुसार राष्ट्रिय युवा परिषद्को आह्वानमा सामान्य प्रशासन मन्त्रालयले गरेको पत्रानुसार देशभरीका ७४ वटा पालिकाहरुले सम्बन्धित पालिकामा जिल्लास्तरीय प्रतिस्पर्धात्मक लेखन प्रतियोगिता सञ्चालन गर्नुपर्ने भएको हुदा , त्यस पालिकाबाट उक्त लेखन प्रतियोगितामा तपशिल बमोजिमका आधारमा सहभागी छनोट गरी पठाइदिनुहुन अनुरोध गरिन्छ ।

तपशिल:

१. प्रतियोगिताको विषय : "समृद्ध राष्ट्र निर्माणका लागि युवाका विचारहरु" लेखन प्रतियोगिता
२. लेखन माध्यम भाषा : नेपाली
३. समय : २ घण्टा ३० मिनेट
४. लेखनशैली : निबन्धात्मक (तर विचारहरु प्रस्तुत गर्दा बुँदागत रुपमा गर्नुपर्नेछ)
५. सहभागी संख्या : एक पालिकाबाट २ जना सम्म ।
६. उमेर समुह : १६ देखि २४ बर्षका युवाहरु
७. सहभागीहरु पठाउदा उनीहरुको नाम, ठेगाना र सम्पर्क नम्बर सहित पठाउनुपर्नेछ ।
८. लेखनकार्यमा समेटिनुपर्ने क्षेत्रहरु : कृषि, पर्यटन, बन तथा जडिबुटि, सुचना तथा सञ्चार, विज्ञान तथा प्रविधि, गुणस्तरीय तथा व्यवसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सीप विकास, स्वास्थ्य तथा सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास, खेल तथा मनोरञ्जन, विविध ।
९. मूल्याङ्कनको आधार :
   क) प्राप्त विचारहरुले नेपाली मौलिकता र नयाँपन कति बोकेको छ सो आधारमा मूल्याङ्कन गरिनेछ ।
   ख) प्राप्त विचारहरुले उद्यमशिलता, रोजगारी, स्थानीय तथा राष्ट्रिय महत्वका विषय, राष्ट्रिय उत्पादन बढाउन र परनिर्भरता घटाउने कुरामा दिएको ठोस सुझाव, गरिबि न्युनिकरण, समृद्ध नेपाल निर्माणमा प्राप्त विचारले पुर्‍याउने योगदान तथा प्रस्तुत विचारहरुले दिगो विकासका लक्ष्य प्राप्तिमा पार्ने प्रभाव लगायतका विचारहरुको औचित्यका आधारमा मापदण्ड निर्धारण गरि मूल्यांङ्कन गरिनेछ ।
१०. प्रतियोगितामा सहभागी हुन पठाइने व्यक्तिहरुलाई संलग्न ढाँचाको निवेदन फारम भरी यस शिक्षा, युवा तथा खेलकुद शाखा, पाँचपोखरी थाङ्पाल गाउँपालिका, थाङ्पालधाप सिन्धुपाल्चोक वा इमेल ठेगाना : edu.panchpokharithangpalmun@gmail.com मा २०७७ मंसिर २५ गते भित्र पेश गर्न लगाउनु पर्नेछ ।
११. प्रतियोगिता सञ्चालन मिति : २०७७ मंसिर ३० गते मंगलबार ।
१२. प्रतियोगिता सञ्चालन समय : विहान ११ बजे ।

ग्राहकमा प्राप्त भएको मिति २०७७/०८/१८ गते

१३. विचार लेखन प्रतियोगिता हुने स्थान : गाउँपालिका कार्यलय ।

१४. विजयी हुने तीन जना प्रतियोगिहरुलाई पुरस्कार (प्रथमः ५०००/-, द्वितियः ३०००/- र तृतियः २०००/-) दिइने छ ।

१५. जिल्लास्तरमा प्रथम हुने प्रतियोगिलाई सिफारिस तथा लिखित विचार सहित प्रदेशस्तरमा पठाइनेछ र प्रदेशस्तरीय प्रतिस्पर्धामा स्थान ओगट्ने सहभागीहरुलाई प्रदेशले संघीय प्रतिस्पर्धाका लागि केन्द्रमा पठाउनेछ ।

१६. प्रदेश तथा संघीयस्तरको प्रतियोगिताको थप जानकारीका लागि राष्ट्रिय युवा परिषद् को वेब साइट www.nyc.gov.np मा हेर्न सक्नुहुनेछ ।

सुनिल कोइराला

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ : श्री राष्ट्रिय युवा परिषद्, सानोठिमि भक्तपुर ।

## अनुसूची १

### प्रतियोगितामा सहभागी हुनका लागि दिने निवेदनको ढाँचा

मिति :- २०७७/ /.......

श्री महानगर,उपमहानगर,नगर/ गाँउ पालिकाको कार्यालय,

................. ।

**विषय :- प्रतियोगिता सहभागी हुन पाऊँ ।**

उपर्युक्त सम्बन्धमा तहाँ परिषद्‌ले प्रकाशन गरेको मिति २०७७/ /... गते प्रकाशित सूचनामा उल्लेख भएको समृद्ध राष्ट्र निर्माणका लागि युवाका बिचारहरु " लेखन प्रतियोगितामा सहभागी हुनका लागि तपसिल अनुसारको विवरण तथा कागजातहरू संलग्न गरी यो निवेदन पेश गर्दछु ।

निवेदनसाथ पेश गरेका कागजातहरू :-

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख. जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नेपाली नागरिकता प्राप्त नभएको अवस्थामा मात्र)

ग. जिल्लाभित्रको पालिकामा स्थायी बसोबास भएको प्रमाणपत्र (सहभागी हुने जिल्लाबाट नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र जारी नभएको अवस्थामा मात्र) ।

जन्म मिति : वि.सं. २०...../...../..... (नागरिकता प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रमा उल्लेखित)

निवेदक

दस्तखत : .....................

नाम, थर : ..........................

**निवेदकको ठेगाना :-**

स्थायी : जिल्ला ................, गा.पा./नगरपालिका .............., वडा नं ...., टोल ................

अस्थायी : जिल्ला ............., गा.पा./नगरपालिका ............., वडा नं ......, टोल .................

सम्पर्क : फोन/मोबाइल नं. : ........................... इमेल : ........................................